वितरणपूर्व जाँच

उच्चायुक्तको कार्यालयको *नागरिक समाजका लागि हातेपुस्तक*को विमोचनमा
नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयका प्रमुख रिचर्ड बेनेटद्वारा
दिइएका बुँदागत टिपोटहरू

२०६६ जेठ २७, काठमाडौं

- आज यहाँ पाल्नुभएकोमा धन्यावाद। सयुक्त राष्ट्रसङ्घीय मानवअधिकार कार्यक्रमसँगको सहकार्यसम्बन्धी हातेपुस्तक, प्रहरीमा जाहेरी दर्खास्त कसरी पेस गर्ने सम्बन्धमा जानकारीमूलक पुस्तिका र नागरिक समाजका सङ्गठन तथा राष्ट्रिय मानवअधिकार संस्थाहरूलाई सङ्क्रमणकालीन न्यायसम्बन्धी आयोजना कार्यान्वयन गर्न अनुदान दिनेसम्बन्धी जानकारीलगायत नागरिक समाजसँगको साझेदारीमा उनीहरूका निम्ति केही हितकारी पहलहरू प्रस्तुत गर्न तथा तीबारे छलफल गर्न हामीले यो कार्यक्रमको गरेका हौं।

- यो हातेपुस्तक उच्चायुक्तको कार्यालय जेनेभाद्वारा विश्वका लागि प्रकाशन गरिएको हो। मेरी सहकर्मी सुधाले केहीबेरमा यसबारे छोटो प्रस्तुति गर्नुहुनेछ। अर्का सहकर्मी दिपले नेपालस्थित आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी टोलीद्वारा तयार पारिएको जाहेरी दर्खास्तसम्बन्धी कार्टुन पुस्तिका प्रस्तुत गर्नुहुनेछ। मलाई आशा छ यो हातेपुस्तक तथा जाहेरी दर्खास्तसम्बन्धी पुस्तिका नेपालको नागरिक समाजका निम्ति राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार संयन्त्रहरूलाई बुझ्न, तिनलाई प्रयोग गर्न र त्यहाँसम्म पहुँच प्राप्त गर्न मद्दत गर्नमा अत्यन्त उपयोगी औजार सिद्ध हुनेछ। हामी यो हातेपुस्तक सम्पूर्ण रूपमा अनुवाद गर्ने प्रक्रियामा छौं र आउने असोजतिर उपलब्ध गराउने छौं। तर, आज हामी तपाईंहरूलाई अङ्ग्रेजी संस्करणको हातेपुस्तकका प्रतिहरू र यसका दुई मुख्य परिच्छेदहरूको नेपालीमा गरिएको प्रारम्भिक अनुवाद उपलब्ध गराउँछौं। एउटा परिच्छेद नागरिक समाजलाई उपलब्ध हुने कोष तथा अनुदानसम्बन्धी छ भने अर्को विश्वव्यापी आवधिक समीक्षासम्बन्धी छ। नेपाल यूपीआरको प्रक्रियामा सन् २०११ को प्रारम्भतिर जाने र त्यस प्रक्रियाका निम्ति चाँडै तयारी सुरु गर्नुपर्ने कुरालाई हेर्दा यो समीक्षासम्बन्धी परिच्छेद खास चासोको विषय रहेको छ। यूपीआर प्रक्रियामा नागरिक समाजको भूमिका अत्यन्त महत्त्वपूर्ण हुन्छ र यी प्रयासहरूमा नागरिक समाजसँग निकटमा रहेर काम गर्न उच्चायुक्तको कार्यालय प्रतीक्षारत छ। तपाईंले देख्न सक्नुहुनेछ जाहेरी दर्खास्त नेपालीमा छ। यसको अङ्ग्रेजी प्रस्तुति पनि ह्यान्डआउट रूपमा उपलब्ध छ।

- संयुक्त राष्ट्रसङ्घीय शान्ति कोषबाट लगानी गरिएको उच्चायुक्तको कार्यालयको सङ्क्रमणकालीन न्यायसम्बन्धी आयोजनाको एक अवयवको रूपमा रहेको ३ लाख अमेरिकी डलरको अनुदान रकमका सम्बन्धमा उच्चायुक्तको कार्यालय-नेपाल नागरिक समाज, राष्ट्रिय मानवअधिकार आयोग तथा अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी अन्य संस्थाहरू, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग र आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठानसँग निकटमा रहेर काम गर्न प्रतीक्षारत छ। यसबारे थप जानकारी पछि एन्डूले दिनुहुनेछ तर म के भन्न चाहन्छु भने नागरिक समाज सङ्क्रमणकालीन न्यायको प्रक्रियामा सक्रिय भएर सहभागी बन्ने कुरा सुनिश्चित गर्ने यो रकम एउटा उपाय हो। त्यसबाहेक, प्रभावकारी सङ्क्रमणकालीन न्यायको पक्षमा लक्षित आयोजनाहरूलाई कार्यान्वयन गर्न स्थानीय तहमा कार्यरत पीडितहरूका साना समुहहरूलाई पनि अवसर उपलब्ध हुनेछ। हाल हामी संयुक्त राष्ट्रसङ्घीय प्रणालीअनुसार रकमको निकासाका लागि कुरिरहेका छौं तर आगामी अगस्ट महिनासम्ममा यो आयोजना सुरु गर्न सकिने कुरामा हामी अत्यन्त आशावादी छौं।

- उच्चायुक्तको कार्यालय नेपालमा भएका राजनीतिक विकासक्रम तथा त्यसबाट शान्ति प्रक्रियामा पर्नसक्ने असरलाई नजिकबाट अध्ययन गरिरहेको छ। गत साता मानवअधिकार परिषद्मा मानवअधिकार उच्चायुक्तले

आफ्नो भाषणमा भनेजस्तै, यस संवेदनशील चरणमा मानवअधिकारको अवस्थाको अनुगमन तथा प्रतिवेदन गरेर एवं सरकार, राष्ट्रिय संस्थाहरू र नागरिक समाजलाई मानवअधिकारको संरक्षण गर्ने तिनका प्रयासहरूमा सघाउ पुऱ्याएर उच्चायुक्तको कार्यालय-नेपालका कर्मचारीहरूले भूमिका खेल्नुपर्ने छ।

- म्याद थपका लागि उच्चायुक्तद्वारा गरिएको अनुरोधमा सरकारले यस कार्यालयसँगको सम्झौतालाई हालका लागि तीन महिना बढाएको छ भन्ने कुरा सायद तपाईंहरूले सुनिसक्नुभएको होला। म के प्रस्ट गर्न चाहन्छु भने सरकारले यो एउटा अन्तरिम उपाय भएको कुरा पुष्टि गरेको छ र यसबाट सम्झौताको सोभन्दा लामो समयका लागि नवीकरणका निम्ति भएको अनुरोधका सम्बन्धमा यसले निर्णय गर्नुभन्दा अघि थप परामर्शहरू गर्ने ठाउँ छ।

- यस अवधिमा, उच्चायुक्तको कार्यालयले आफ्नो कार्यादेश तथा धरातलीय परिस्थितिले माग गरेअनुरूप वकालति कार्य तथा राज्य अधिकारीहरूसँग गर्ने सकारात्मक हस्तक्षेपका कार्य लगायत आवश्यक परेअनुसार अनुगमनका कार्य गर्न जारी राख्नेछ। आयोगसँगको साझेदारीमा विगत केही सातामा रामेछापमा गरिएका हाम्रा हालैका प्रयासहरूले यस कुरामाथि प्रकाश पार्दछ।

- नेपालमा हाम्रो निरन्तरको उपस्थितिका लागि हाम्रा मित्र तथा यहाँको नागरिक समाजका साझेदारहरूबाट पाएको यति धेरै सहयोगप्रति म अत्यन्त कृतज्ञ छु। तपाईंहरूले हामीलाई सन् २००५ मा नेपाल ल्याउनु भएको कुराबारे हामी निश्चय नै अवगत छौं। शान्ति प्रक्रिया सफलतापूर्वक टुङ्गोमा नपुगेसम्म मानवअधिकारका यी प्रयासहरूमा हाम्रो निरन्तरको सहकार्य नेपालको भविष्यका लागि अत्यन्त महत्त्वपूर्ण रहेको छ।

- तपाईंहरूलाई थाहै छ, यस वर्षको फेब्रुअरीमा उच्चायुक्तको कार्यालय तथा आयोग सहकार्यसम्बन्धी मार्गनिर्देशन तर्जुमा गर्न सहमत भए। यो मार्गनिर्देशन एउटा प्रक्रियाको भाग हो जसअनुसार उच्चायुक्तको कार्यालयले मानवअधिकारको संरक्षणमा सुधार ल्याउन आयोगलाई सक्रियरूपमा सहयोग गरी आयोगसँग कार्य गर्नुका साथै त्यो संरक्षण प्रदान गर्न आयोगको क्षमता अभिवृद्धि गर्नमा उसलाई मद्दत गर्नेछ। हाम्रा साझेदारहरूको क्षमतालाई सबलीकरण गर्ने यस प्रक्रियामा अन्य राष्ट्रिय मानवअधिकार संस्था तथा नागरिक समाज पनि पर्दछन्। उच्चायुक्तको कार्यालय मानवअधिकारको अनुगमन तथा संरक्षण गर्ने कार्यबाट पछि हटेको छैन तर हामी अन्ततः यहाँबाट गएपछि आयोग अन्य मानवअधिकार रक्षकहरूसँग मिलेर मानवअधिकारको संरक्षण गर्ने यस भूमिकामा नेतृत्व लिन पूर्णरूपले सक्षम हुनेछ भन्ने सुनिश्चित गर्ने कार्य गर्न हामी प्रतिबद्ध छौं।

- उदाहरणार्थ, कास्कीको महिला मानवअधिकार रक्षक सञ्जाल तथा कपिलवस्तुको नयाँ जवाफदेहीता निगरानी समितिलगायत देशभरिका जिल्ला स्तरमा कार्यरत नागरिक समाज सञ्जालहरूको विकासमा सहयोग पुऱ्याउने कार्यमा हाम्रो कार्यालय सक्रियरूपले संलग्न रहेको छ। यसका अतिरिक्त, मानवअधिकार रक्षकका निम्ति प्रभावकारी संरक्षण संयन्त्रहरू निर्माण गरिने कुरा सुनिश्चित गर्न तपाईं हामीमध्ये धेरैजसो सदस्य भएको मानवअधिकार रक्षकसम्बन्धी ईयुको कार्यसमूहसँगको कार्यलाई हामी जारी राख्नेछौं।

- अन्य राष्ट्रिय मानवअधिकार संस्थाका हाम्रा साझेदारको अनुसन्धान तथा अनुगमन गर्ने क्षमताको विकास गर्ने हाम्रो प्रयासमार्फत् समेत हामी तिनका विशिष्ट कार्यादेशलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नमा तिनलाई मद्दत गर्न पनि हामी सक्रियरूपमा कार्य गर्नेछौं। उदाहरणार्थ, उच्चायुक्तको कार्यालयले महिला तथा दलित आयोग दुवैलाई तालिमहरूद्वारा सहयोग गर्नेछ। यस महिनाको अन्त्यतिर महिला आयोगका निम्ति दुईदिने मानवअधिकार अभिमुखीकरण कार्यक्रमको आयोजना गरिनेछ।

- आजको कार्यक्रमको अन्त्यमा चियापानको समयमा तपाईंहरूसँग व्यक्तिगतरूपमा कुराकानी गर्न म प्रतिक्षारत रहेको छु। हातेपुस्तकमा रहेका विषयवस्तुसम्बन्धी छोटो प्रस्तुति दिन अब म मेरी सहकर्मी सुधा उप्रेतीलाई भन्नेछु।

धन्यवाद।